सरुमारानी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

बङ्गाँडा, प्यूठान

लुम्बिनी प्रदेश, नेपाल

प.सः २०८३।०८४

च.न. ३६८

मितिः २०८३।०५।२५

श्री विषयगत शाखाहरु ।

श्री सबै वडा कार्यालयहरु ।

सरुमारनी गाउँपालिका, प्यूठान ।

**बिषयः निर्णय प्रतिलिपि पठाईएको सम्बन्धमा ।**

प्रस्तुत विषयमा सरुमारानी गाउँकार्यपालिकाको मिति २०८३।०५।२४ गतेको बैठकका निर्णयहरु आवश्यक जानकारी तथा कार्यान्वयनका लागि यसै पत्रसाथ संलग्न राखी पठाईएको ब्यहोरा अनुरोध छ ।

...........................

(त्रिविक्रम खड्क)

प्रमुख प्रशासकीय अधिकृत

त्रिविक्रम खड्का

प्रमुख प्रशासकीय अधिकृत

बैठक संख्या-८५

मिति २०८३।०५।२४ गते

गाउँकार्यपालिकाको पचासियौ बैठकका प्रस्तावहरु:

१.IEE मस्यौदा प्रतिबेदन माथि छलफल सम्बन्धमा ।

२.सडक हेरालु/मर्मत कार्यकर्ता छनौटको म्याद थप सम्बन्धमा ।

३.समवेदना तथा सहयोग सम्बन्धमा ।

४.निजिजग्गाको ढुंगा निर्यात अनुमति सम्बन्धमा ।

५.बिधालयमा शिक्षक दरबन्दी थप सम्बन्धमा ।

६.घरनक्सा अभिलेखिकरण/नक्सापास सम्बन्धमा ।

७.भुमिहिन दलित, भुमिहिन सुकुम्बासी छनौट र प्रमाणिकरण सम्बन्धमा ।

८. आर्थिक सहायता सम्बन्धमा ।

- नेपाल आदीवासी जनजाती पत्रकार महासंघ सहयोग सम्बन्धमा ।
- पोष्टमार्टम खर्च उपलब्ध गराउने सम्बन्धमा ।

९. कर्मचारी तथा शिक्षकको तलव सुविधा सम्बन्धमा ।

१०.खरिद काम कारवाही Hary Copy बाट गर्ने सम्बन्धमा ।

११.विविध सम्बन्धमा ।

- भुमी बैंकको पत्रको जानकारी सम्बन्धमा ।
- LGPASS को प्रारम्भिक नतिजाको जानकारी सम्बन्धमा ।
- उपभोक्ता समिति गठन सम्बन्धमा ।
- फोहरमैला/डम्पिङ्ग साईटको खर्च सम्बन्धमा ।
- हंशपुरको स्वास्थ्य संस्थामा सि.अ.हे.व/हेल्थ असिष्टेन्ट पदमा काज सरुवा सम्बन्धमा ।
- कर्मचारीहरुको विज्ञापन सम्बन्धमा ।
- सशस्त्र प्रहरी बल, नेपाल गुल्म प्युठानलाई सहयोग सम्बन्धमा ।
- अन्य विषयहरु

त्रिविक्रम खड्का
प्रमुख प्रशासकीय अधिकृत

गौमुखी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बरउँडा प्युठान
लुम्बिनी प्रदेश, नेपाल
२०७३

जंग बहादुर विश्वकर्मा
गाउँपालिका अध्यक्ष

# बैठक संख्या-८५

## मिति २०८३।०५।२४ गते

## गाउँकार्यपालिकाको पचासियौं बैठकका निर्णयहरु

### निर्णय नं. १ IEE मस्यौदा प्रतिबेदन माथि छलफल सम्बन्धमा ।

प्रस्ताव नं. १ माथि छलफल गर्दा यस गाउँपालिकाको स्वीकृत संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि,२०७७ बमोजिम चालु आ.ब. २०८३।०८४ मा संचालन हुने विकास निर्माणका कार्यहरुलाई आवश्यक पर्ने निर्माण सामाग्रीहरु (ढुंङ्गा, गिट्टी र वालुवा) को ब्यबस्थापन कार्य तत्काल अगाडी बढाउन रासी नदी, माडी नदि र गनाहखोलाको तोकिएका स्थानहरुको प्रारम्भिक वातावरणीय प्रभाव मूल्यांकन (IEE) को मस्यौदा प्रतिवेदन माथि छलफल भयो । छलफलमा उठेका सुझावहरुलाई समावेश गरी अन्तिम प्रतिवेदन पेश गर्न परामर्शदाता संस्थालाई निर्देशन दिने निर्णय गरियो ।

### निर्णय नं.२ सडक हेरालु/मर्मत कार्यकर्ता छनौटको म्याद थप सम्बन्धमा ।

प्रस्ताव नं. २ माथि छलफल गर्दा यस गाउँकार्यपालिकाको मिति २०८३।३।५ गतेको निर्णय अनुसार वडा कार्यालयबाट सिफारिस भई आएका र यस कार्यालयबाट मिति २०८३।३।१९ गते करार सेवा संझौता गरी कामकाजमा खटाईएका तपशिलका सडक हेरालु/मर्मत कार्यकर्ताहरुको करार सेवा अवधि २०८३।५।१९ गते सम्म भएकोले निजहरुको करार सेवा एक महिना (२०८३।६।१९ गते सम्म) थप गर्ने निर्णय गरियो ।

तपशिलः

| क्र.स. | सडक हेरालुको नामथर | सडक हेरालु संझौता मिति | ठेगना | सम्पर्क नं | कैफियत |
|---|---|---|---|---|---|
| १ | बाम बहादुर बैजाली | २०८२।३।१९ | सरुमारानी-६ भिंगुखोला | ९८४७५३८३३५ | |
| २ | डोर बहादुर बुढा | २०८२।३।१९ | सरुमारानी-६ बुढिचौर | ९७६७६२२५७० | |
| ३ | हरि बहादुर वि.क. | २०८२।३।१९ | सरुमारानी-६ किमिचौर | ९८६४९९३२७ | |
| ४ | टोपीमायाँ मर्सांगी मगर | २०८२।३।१९ | सरुमारानी-५ | ९८२८६५०५७७ | |
| ५ | पारवती मर्साई मगर | २०८२।३।१९ | सरुमारानी-५ | नभएको | |
| ६ | निर्मला दमै | २०८२।३।१९ | सरुमारानी-५ | ९८२९८४८७६८ | |
| ७ | प्रेम बहादुर कुमाल | २०८२।३।१९ | सरुमारानी-२ चिसापानी | ९८०५४३०२६४ | |
| ८ | खडक बहादुर कुमाल | २०८२।३।१९ | सरुमारानी-२ चिसापानी | नभएको | |
| ९ | मनबहादुर थापा मगर | २०८२।३।१९ | वडा नं. ४ | ९८०९८३४७४५ | |
| १० | हिमाल थापा मगर | २०८२।३।१९ | वडा नं. ४ | ९७१३५७८६३६ | |
| ११ | विना धामी | ०८२।३।१९ | सरुमारानी-१ | नभएको | |

त्रिविक्रम खड्का
प्रमुख प्रशासकीय अधिकृत

सरुमारानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लुम्बिनी प्रदेश, नेपाल

गाउँपालिका अध्यक्ष

| | | | | | |
|---|---|---|---|---|---|
| १२ | एकिदेवी धामी | ०८२।३।१९ | सरुमारानी-१ | नभएको | |
| १३ | दान बहादुर घर्ती | २०८२।३।१९ | सरुमारानी-३ चाभा | ९७६१५२९७२७ | |
| १४ | मग्बुल मियाँ | २०८२।३।१९ | सरुमारानी-३ कास्कोट | ९८०९५००३३६ | |

**निर्णय नं. ३ समवेदना तथा सहयोग सम्बन्धमा ।**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा २०८३ भाद्र १० गते रसुवा जिल्ला स्थित भोटेकोशी नदीमा आएको विनासकारी बाढीले रसुवा, नुवाकोट, धादिङ लगायत विभिन्न स्थानहरुमा अकल्पनीय जनधनको क्षति, विस्थापन तथा ठूलो मानवीय पीडा उत्पन्न भएकोप्रति सरुमारानी गाउँपालिका गहिरो दुःख व्यक्त गर्दछ। यस दुःखद् घडीमा विपद्का कारण ज्यान गुमाउनु हुने सम्पूर्ण मृतकहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा गहिरो समवेदना व्यक्त गर्दछौं। साथै, घाइते तथा प्रभावित नागरिकहरूको शीघ्र स्वास्थ्यलाभ तथा सुरक्षित पुनर्स्थापनाको कामना गर्दछौं।

उक्त विपजन्य परिस्थितिबाट प्रभावित नागरिकहरूको खोज, राहत, उद्धार तथा पुनर्स्थापनाका लागि सहयोग पुच्याउने उद्देश्यले सरुमारानी गाउँपालिकाको मिति २०८३।०५।११ गतेको निर्णयानुसार संस्थागत रुपले विपद ब्यबस्थापन/प्रकोप ब्बयस्थापन कोषबाट पाँच लाख र गाउँपालिकाका सम्पूर्ण जनप्रतिनिधि एवं गाउँपालिकामा कार्यरत शिक्षक तथा कर्मचारीहरूको एक दिन बराबरको सेवा सुविधा तथा पारिश्रमिक रकम प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गर्ने गरी गरिएको निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।

साथै विनासकारी विपद्ले निम्त्याएको गम्भीर सङ्कटको सामना गर्न देश/विदेशमा रहनुहुने समस्त नेपाली दिदीवहिनी दाजुभाइहरूमा आवश्यक सहयोग र ऐक्यवद्धताको लागि अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४ निजिजग्गाको ढुंगा निर्यात अनुमति सम्बन्धमा ।**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा, चालू आ.ब.मा यस गाउँपालिका भित्रका विभिन्न ब्यक्ति/संस्थाहरुले आफ्नो निजि जग्गामा रहेको ढुंगा गिट्टि उत्खनन गरी जिल्ला बाहिर र भित्र निकासीको लागि निवेदनहरु आईरहेकोले उक्त ब्यक्ति/संस्थाहरुले ढुंगा गिट्टि उत्खनन र निकासी गर्ने जग्गा/स्थानको प्रारम्भिक वातावरणीय प्रभाव मूल्यांकन प्रतिबेदन तयार गरी यस कार्यालयका प्राविधकहरुको प्राविधिक प्रतिवेदनका आधारमा लुम्बिनी प्रदेश सरकारको आर्थिक ऐन २०८३ बमोजिम दररेट कायम गरी अनुमति दिने निर्णय गरियो ।

**निर्णय नं. ५ बिधालयमा शिक्षक दरबन्दी थप सम्बन्धमा ।**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा, यस गाउँपालिकाको मा.वि. संचालन भएका श्री बालविकास मा.वि. ,वडा नं.२ गनाहा र श्री नेपाल राष्ट्रिय मा.वि.वडा नं. ३ हंशपुर मा एक/एक वटा मा.वि तहको गाउँपालिका अनुदान शिक्षक दरबन्दी थप गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६ घरनक्सा अभिलेखिकरण/नक्सापास सम्बन्धमा ।**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा, यस गाउँपालिकाको स्वीकृत भवन निर्माण अनुमति तथा सडक सम्बन्धी मापदण्ड, २०८२ बमोजिम यो निर्णयको मिति सम्म घरनिर्माण भई सकेका घरहरुको घर नक्सा अभिलेखिकरण २०८३ पुष मसान्त सम्मको समय सिमा दिई सूचना प्रकाशन गर्ने र आजका मिति देखी नयाँ निर्माण हुने नयाँ घरहरुको घरनक्सा पास स्वीकृत कागजात लिएर मात्र निर्माण गर्ने र गाउँपालिकाले सडक गुरुयोजना अनुसार निर्धारण गरेको सडकहरुमा सडक मापदण्ड पूर्णरुपमा लागु गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७ भुमिहिन दलित, भुमिहिन सुकुम्बासी छनौट र प्रमाणिकरण सम्बन्धमा ।**

प्रस्ताव नं. ७ माथि छलफल गर्दा,भुमिहिन दलित, भुमिहिन सुकुम्बासी छनौट र प्रमाणिकरण गर्नु पुर्व यस कार्यालयका कर्मचारी खटाई निवेदकहरुको तिनपुस्ते भित्र जग्गा जमिन भए नभएको मालपोत कार्यालयबाट एकिन गरी अर्को बैठकमा पेश गर्न निर्देशन गर्ने निर्णय गरियो।

**निर्णय नं. ८ आर्थिक सहायता सम्बन्धमा ।**

- नेपाल आदीवासी जनजाती पत्रकार महासंघ सहयोग सम्बन्धमा ।

नेपाल आदीवासी जनजाती पत्रकार महासंघ(फोनिज) जिल्ला शाखा प्यूठानको मिति २०८३/४/१२ गतेको पत्र अनुसार २०८३ श्रावण २४-२७ गते सम्म काठमान्डौमा आयोजना भएको तेस्रो अन्तराष्ट्रिय पत्रकारिता सम्मेलन, २०२६ कार्यक्रमलाई अन्य संघसंस्था सहायता शिर्षकबाट रु. १००००/- आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

- पोष्टमार्टम खर्च उपलब्ध गराउने सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा यस सरुमारानी गाउँपालिको वडा नं. ३ हंसपुर निवासी पन बहादुर खत्रीको नाती बेगम बहादुर खत्रीको छोरा बिकाश खत्री (के. सी.) मिति २०८३१०२१२ सरुमारानी २ को रासी नदीमा डुबेर मृत्यु भएको र निजको सबलाई पोष्ट मार्टम गर्नको लागि जिल्ला अस्पताल बिजुवार लैजाने र पोष्ट मार्टम गरि पुन फिर्ता गरि ल्याउने कामकाजमा सरुमारानी ३ धुवाकोट निवासी किरण रानाको गाडी नं. लु २ च ८०८० नको गाडी प्रयोग गरिएको र सो काममा रु २५,०००। खर्च भएकोले सो रकम निज किरण रानाको नाममा प्राईम कमर्सियल बैंक लि. सरुमारानी ४ बड्डाँडामा रहेको खाता नं. ०६८०१०००००१३९८०१६२० मा भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. ९ कर्मचारी तथा शिक्षकहरुको तलब सुविधा सम्बन्धमा ।**

लुम्बिनी प्रदेश सरकार आर्थिक मामिला तथा योजना मन्त्रालय रासी उपत्यका (देउखुरी), नेपाल च.नं. : ९३ मिति.२०८३/०५/१५ गेको नयाँ तलबमान सम्बन्धी पत्र तथा लुम्बिनी प्रदेश सरकारको २०८३/०५/०४ को निर्णयानुसार संवत् २०८३/०४/०१ गते देखि लागू हुने गरी प्रदेश निजामती सेवा र प्रदेशभित्रका स्थानीय तहमा स्थानीय सेवामा कार्यरत कर्मचारीको नयाँ तलवमान, ग्रेड सङ्ख्या एवं एकदिनको तलब बराबरको ग्रेड रकम र स्वीकृत दरबन्दीमा कार्यरत स्थायी कर्मचारीलाई तलब वृद्धि पश्चायत कायम भएको शुरू तलबमानको १० प्रतिशत मासिक प्रोत्साहन भत्ता कायम गर्ने भनी लुम्बिनी प्रदेशको मिति २०८३/०५/११ मा

प्रकाशित राजपत्र अनुसार स्थानीय सेवाका स्थायी सबै कर्मचारीहरुलाई सोही बमोजिम तलब भत्ता र अन्य सुविधा उपलब्ध गराउने निर्णय गरियो । साथै यस गाउँपालिकाको १९ औ गाउँसभाको नीति अनुसार यस गाउँपालिकाको कार्यालयबाट करार सेवामा नियुक्त करार कर्मचारी र गाउँपालिका अनुदान शिक्षक/कर्मचारीहरुको आ.व.२०८२।०८३ मा खाईपाई आएको तलवमा १० प्रतिशत बृद्धि गरि २०८३ श्रावण १ गते देखी कायम गर्ने निर्णय गरियो।

**निर्णय नं. १० खरिद काम कारवाही Hary Copy बाट गर्ने सम्बन्धमा ।**

प्रस्ताव नं. १० माथि छलफल गर्दा पछिल्लो सम्म विभिन्न मितिमा सार्वजनिक खरिद ऐन र नियमावलीमा भएको परिमार्जन पश्चात सार्वजनिक खरिद अनुगमन कार्यालयको मिति २०८२/५/११ को पत्रानुसार विद्युतिय खरिद प्रणाली (e-Gp system) मा सुरक्षा जोखिम भएको र प्रणालीको मर्मत संभार कार्य भईरहेको हुदाँ अर्को सूचना नभए सम्मको लागि विधुतिय खरिद प्रणाली स्थगन गरिएको र सोही पत्र को बुदा नं. २ अनुसार हार्डकपी मार्फत बोलपत्र, आशयपत्र र सिलबन्दी दरभाउपत्रको प्रकृया अगाडी बढाउन लेखि आएको हुँदा प्रणाली पुर्ण रुपमा सूचारु नभएसम्म यस कार्यालयबाट हुने सार्वजनिक खरिदका कामकारवाहीहरु हार्डकपीबाट गर्न /गराउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ११ विविध सम्बन्धमा ।**

- **भुमी बैंकको पत्रको जानकारी सम्बन्धमा ।**

  नेपाल भूमि बैंक लिमिटेडको च.न. २५ मिति २०८३/५/१५ गतेको पत्र भूमि ब्यबस्थाका लागि समन्वय, सहकार्य एवं सेवा उपलब्ध गराउने सम्वन्धि पत्र माथि छलफल गर्दा पत्रमा उल्लेखित भएका विषयमा संग सम्बन्धित विषयमा कार्य गर्न यस गाउँपालिका ईच्छुक र सहमत भएकोले उक्त विषयहरुमा उल्लेखित काम गर्नु पूर्व गाउँकार्यपालिका पदाधिकारी र शाखा प्रमुखलाई अभिमूखिकरण गर्न समन्वय गर्ने निर्णय गरियो ।

- **LGPASS को प्रारम्भिक नतिजाको जानकारी सम्बन्धमा ।**

  यस गाउँपालिकाको आर्थिक बर्ष २०८२।०८३ को स्थानीय शासन कार्यसम्पादन मूल्यांकन कार्यप्रणाली LGPASS को गाउँपालिकाले गरेको स्वमूल्यांकनको प्रारम्भिक नतिजा अनुसार ७७.२ अंक सहितको मूल्यांकन कागजात पेश गरेको जानकारी भयो ।

- **उपभोक्ता समिति गठन सम्बन्धमा ।**

  चालू आ.व.को वार्षिक स्वीकृत कार्यक्रम अनुसार उपभोक्ता समिति मार्फत गरिने योजनाहरुको सबै वडा कार्यालयहरुले २०८३ असोज १५ गते भित्र उपभोक्ता समिति गठन गरी सोको विवरण यस कार्यालयमा पठाउने निर्णय गरियो ।

- **फोहरमैला/डम्पिङ्ग साईटको खर्च सम्बन्धमा ।**

यस गाउँपालिकाको फोहरमैला व्यवस्था स्थलको फोहरमैला व्यवस्थापन गर्दा लागेको डोजरको ५ घण्टाको प्रतिघण्टा ३,०००/- का दरले रु.१५,०००/- उपलब्ध गराउने निर्णय गरियो ।

- **हंशपुरको स्वास्थ्य संस्थामा हेल्थ असिष्टेन्ट पदमा काज सरुवा सम्वन्धमा।**

  सरुमारानी गाउँपालिका अन्तर्गत हंसपुर स्वास्थ्य चौकीमा स्थानिय स्वास्थ्य सेवा हेल्थ इन्सपेक्सन समुह सहायक पाँचौ तह हेल्थ असिस्टेन्ट पदमा कार्यरत श्री सरोज कुमार भट्ट नेपाल सरकार चिकित्सा शिक्षा आयोगवाट सिफारिस भै निःशुल्क छात्रवृत्ति कोटामा पूर्वाञ्चल विश्वविद्यालय स्कुल अफ हेल्थ साइन्सेज, मोरङमा लुम्बिनी प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको मिति २०८३।०३।२३ को निर्णयानुसार मिति २०८२।१०।२५ देखि २०८६।१०।२४ सम्मको तलवी अध्ययन विदा स्वीकृत भई अध्ययनरत रहेको हुँदा निज कार्यरत स्वास्थ्य संस्थामा सेवाग्राहिलाई सेवा प्रवाहमा समस्या भएकोले उक्त दरवन्दीमा निजको अध्ययन विदा अवधि सम्म सेवाग्राहिको सेवा प्रवाहमा सहज हुने गरी अन्य स्थानीय तहबाट आउन सरुवा सहमती प्रदान गर्ने निर्णय गरियो ।

- **कर्मचारीहरुको विज्ञापन सम्वन्धमा ।**

  यस कार्यालयमा रिक्त रहेका तपशिलका कर्मचारीहरु खुलाप्रतिस्पर्धाबाट करार सेवामा पदपुर्ती गर्ने निर्णय गरियो ।

  - कार्यालय सहयोगी-१-श्रेणीविहिन
  - वैद्य-१-सहायक स्तर चौथो
  - डोजर अपरेटर-१-श्रेणी विहिन

- **सशस्त्र प्रहरी वल, नेपाल गुल्म प्युठानलाई सहयोग सम्बन्धमा।**

  सशस्त्र प्रहरी वल, नेपाल गुल्म हे.क्वा. प्युठानले आफ्नो कार्यालयको बजेट अभाव रहेको र कार्यालय भित्र अत्यावश्यक शौचालय र भवन निर्माणको लागि आवश्यक सहयोगको लागि पत्रचार गरेको हुदा जिल्ला भित्रका अन्य पालिकाहरुले गर्ने सहयोगको आधारमा आवश्यक निर्माण सामाग्री कार्यालयले खरिद गरी हस्तान्तरण गर्ने निर्णय गरियो ।

- **विज्ञ परामर्श सुविधा सम्वन्धमा ।**

  यस गाउँपालिका Unicef Nepal विच यस गाउँपालिकाको स्थानीय विपद् तथा जलवायु उत्थानशिल कार्यढाँचा (LDCRF) निर्माणको लागि भएको संझौता अनुसार एक जना विज्ञ परामर्शकर्ता आवश्यक परेकोले सोको लागि डकुमेन्ट रिभियू र प्रतिवेदन लेखनको लागि २५ दिन को प्रतिदिनको रु. ३०००/- का दरले एकमुष्ट रु. ७५,०००/- सेवा सुविधा उपलब्ध गराई विज्ञ परामर्श सेवा लिने निर्णय गरियो ।

उपरोक्त निर्णयहरु सर्वसम्मत रुपमा गरी आजको बैठक सौहार्दपूर्ण वातावरणमा समापन गरियो।

प्रमाणिकरण मिति २०८३/०५/२५